# स्थानीय राजपत्र

तिनाउ गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

खण्डः ३) तिनाउ गाउँपालिका, मितिः २०७८/०३/२५

## भाग–२

## तिनाउ गाउँपालिका, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँकार्यपालिकाले यो कार्यविधि बनाइएको ।

**कार्यविधिको नाम : तिनाउ गाउँपालिकामा गर्भजाँच तथा संस्थागत सुत्केरी प्रोत्साहन कार्यविधि, २०७८**

कार्यपालिका बैठकबाट पारित मिति: २०७८/०३/१३

**प्रास्तवना :**
नेपाल सरकारले प्राथमिकतामा राखेको कार्यक्रम मध्ये प्रजनन र मातृ स्वास्थ्य (सुरक्षित मातृत्व) कार्यक्रम पनि एक हो । यस कार्यक्रमलाई तिनाउ गाउँपालिकामा थप प्रभावकारी रुपमा संचालन गर्न यस पालिकाले सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम (स्वास्थ्य तर्फ) शीर्षकमा गर्भजाच तथा संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमका लागि बजेट बिनियोजन गरेकाले उक्त बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि यो कार्यबिधि तयार गरिएको छ ।

**१. भाग १ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "तिनाउ गाउँपालिकामा गर्भजाच तथा संस्थागत सुत्केरी प्रोत्साहन कार्यबिधि, २०७८" हूनेछ ।

(२) यो कार्यबिधि २०७८ श्रावण १ देखि लागु हूनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यबिधिमा,

(१) "गर्भजाँच" भन्नाले प्रोटोकल अनुसारको ४, ६, ८ र ९ महिनामा गरिने गर्भको जाचलाई जनाउने छ ।

(२) "सूत्केरी" भन्नाले स्वास्थ्य केन्द्रमा गएर बच्चा जन्माउने महिलालाई जनाउनेछ ।

(३) "संस्थागत सुत्केरी" भन्नाले नेपाल सरकारद्धारा मान्यता प्राप्त निजि तथा अन्य स्वास्थ्य केन्द्रमा बच्चा जन्माउनुलाई जनाउने छ ।

(४) "स्वास्थ्य केन्द्र" भन्नाले सरकारी स्वामित्वमा रहेको वा सरकारबाट मान्यता प्राप्त प्रसूति सेवा उपलब्ध भएको स्वास्थ्य केन्द्रलाई जनाउनेछ ।

(५) "प्रोत्साहन " भन्नाले सम्बन्धित कार्य गर्नको लागि उत्प्रेरणा दिने वा सो कार्य गराउन अभिप्ररित गर्ने कार्यलाई जनाउने छ ।

(६) "गाउँ कार्यपालिका कार्यालय" भन्नाले तिनाउ गाउँ कार्यपालिकाको कार्यालयलाई जनाउने छ ।

(७) "यातायात खर्च" भन्नाले स्वास्थ्य केन्द्रमा सुत्केरी हुन जान र फर्कनको लागि सवारी साधनमा लाग्ने खर्चको रकमलाई जनाउनेछ ।

**३. गर्भजाँच तथा संस्थागत सुत्केरी प्रोसाहन प्राप्त गर्न आवश्यक शर्त :**

देहायका अवस्था पुरा गरेको गर्भवति तथा सूत्केरीले मात्र गर्भजाच तथा संस्थागत सुत्केरी प्रोत्साहन प्राप्त गर्न सक्ने छन् ।

(१) गर्भवति र सूत्केरी महिला २० वर्ष उमेर पुरा गरेको तिनाउ गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(२) गर्भजाच प्रोसाहन स्वीकृत आर्थिक वर्षको अवधि भित्र प्रोटोकल अनुसारको ४, ६, ८ र ९ औ महिनामा गर्भजाच गर्ने महिलालाई गर्भजाच गरेबापत मात्र प्रदान गर्न सकिनेछ ।

**४. गर्भजाँच तथा संस्थागत सुत्केरी प्रोत्साहन कार्य** :

(१) प्रत्येक पटक गर्भजाच गर्न आउदा मुख्य सडकमार्ग (सिद्धार्थ राजमार्ग) देखि २ किलोमिटर भित्र रहेको स्वास्थ्य संस्थाबाट एक क्यारेट अण्डा वा रु ३८० (तिन सय असी) बराबरको तथा सिद्धार्थ राजमार्गबाट २ कि.मी. भन्दा टाढा रहेको स्वास्थ्य संस्थामा गर्भजाच हुदा एक क्यारेट वा रु ४३० (चार सय तिस) बराबरको अण्डा प्रोत्साहन स्वरुप दिईनेछ ।

(२) प्रोटोकल अनुसारको गर्भ जाच गरी संस्थागत सुत्केरी (जुनसुकै स्वास्थ्य केन्द्र) हुने महिलालाई रु २३०० (दुई हजार तीन सय) तथा प्रोटोकल पुरा नभएको तर संस्थागत सुत्केरी भएकी महिलाको हकमा रु १५०० (एक हजार पाच सय) संस्थागत सुत्केरी प्रोत्साहनको लागि थप यातायात खर्च उपलब्ध गराईने छ ।

**५. यातायात खर्च माग गर्ने बिधि :**

(क) गर्भजाँच उत्प्रेरणा बापत पाईने अण्डाको लागि सेवाग्राहीले निवेदन दिनु पर्ने छैन ।

(ख) नियम ३ बमोजिमको योग्यता पूगेको सूत्केरी महिलाले संस्थागत सुत्केरी प्रोत्साहन माग गर्न अनिवार्य रुपमा देहायको प्रक्रिया पुरा गर्नू पर्दछ ।

(१) अनूसुची-१ बमोजिमको निवदेन र निवेदनको साथमा बच्चा जन्मिएको स्वास्थ्य केन्द्रबाट जारी भएको जन्म प्रमाण-पत्रको प्रतिलिपि थान १

(२) जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि थान १

(३) तिनाउ गाउँपालिकाको स्थायी बासिन्दा रहेको प्रमाणपत्रको प्रतिलिपि थान १

(४) उमेर खुल्ने प्रमाणपत्र (नागरिकता वा मतदाता पत्र) को प्रतिलिपि थान १

(५) सूत्केरी स्याहार खर्च माग गर्ने दायित्व स्वयं सूत्केरीको हूनेछ ।

(६) सम्बन्धित आ.व. को लागि सूत्केरी स्याहार खर्चको वितरण सोही असार १५ सम्म मात्र हूनेछ । त्यो मिति भन्दा पछाडीको अर्को आ.ब. मा भुक्तानी दिईने छ।

**६. भूक्तानी र अभिलेख व्यवस्थापन :**

गर्भजाँच तथा संस्थागत सुत्केरी प्रोत्साहनमा भएको खर्चको भूक्तानी तथा हिसाव कितावको अभिलेखीकरण अनुसुचि २ र अनुसुचि ३ तथा प्रचलित आर्थिक ऐन नियम अनूसार गर्नू पर्नेछ ।

**७. व्याख्या तथा संशोधन :**

यो कार्यबिधिका बूँदाहरुलाई व्याख्या, संसोधन वा थपघट गर्ने अधिकार तिनाउ गाउँ कार्यपालिकामा मात्र निहित हुनेछ ।

**अनूसुची-१**
**(कार्यबिधिको नियम ५(ख) (१) सँग सम्बन्धित)**
**आबेदन फाराम**

श्री तिनाउ गाउँ कार्यपालिकाको कार्यालय
दोभान, पाल्पा ।

**विषय : संस्थागत सुत्केरी प्रोत्साहन पाउँ भन्ने बारे ।**

यस गाउँपालिकाले सन्चालन गरेको सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको संस्थागत सुत्केरी प्रोत्साहन प्राप्त गर्नका लागि आफुलाई योग्य ठानी यो आवेदन पेश गरेको छू । आवश्यक पर्ने तथ्य प्रमाणहरु यसै साथ संलग्न छन् । विवरणहरु सही सत्य छन्, झूटो ठहरे कानुन बमोजिम सहुँला बूझाउँला ।

**निवेदक**
नाम थर : उमेर :
स्थायी ठेगाना : टोल :
वडा नं. :
बच्चाको नाम : लिङ्ग :
स्वास्थ्य केन्द्रमा जन्म भएको मितिः
जन्म दर्ता गरिएको मिति :

प्रसूति सेवा लिएको स्वास्थ्य केन्द्र :

श्री तिनाउ गाउँ कार्यपालिकाको कार्यालय,
दोभान, पाल्पा

निवेदकले माथि उल्लेख गरेको विवरण सही सत्य भएकोले संस्थागत सुत्केरी प्रोत्साहन उपलब्ध गराई दिनू हून सिफारिस साथ अनूरोध छ ।

..................................
स्वास्थ्य चौकी/स्वास्थ्य ईकाई प्रमुख

**अनुसुची-२ (क)**
**(कार्यबिधिको नियम ६ सँग सम्बन्धित)**
**अण्डा वितरणको मासिक फाराम**

तिनाउ गाउँपालिकाबाट आ.ब .............. मा पारित सुरक्षित मातृत्व कार्यक्रम मार्फत प्रोटोकल अनुसारको गर्भ जाचमा प्रोत्साहन स्वरुप अण्डा वितरण गरेको भरपाई ।

२०७...... साल महिना : .......................

| क.सं. | गर्भवतिको नाम | गर्भको अवधि | अण्डा लिएको पटक | बुझिलिने (क्यारेट) | बुझिलिनेको दस्तखत | मोबाईल नं. | बुझाउनेको | | कैफियत (मिति) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम | दस्तखत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने :
नाम
पदः
दस्तखत :
संस्थाको लोगो

प्रमाणित गर्ने :
नामः
पदः
दस्तखत :

**अनुसुची-२ (ख)**
**(कार्यबिधिको नियम ६ सँग सम्बन्धित)**
**अण्डा वितरणको अभिलेखिकरण फाराम**

सुरक्षित मातृत्वको लागि गाउँपालिकाद्धारा वितरण गरेको अण्डाको प्रगति विवरण ।

संस्था :                                   आ.ब. :

| क्र.सं. | गर्भवतिको नाम | ठेगाना | LMP | चौथो | | छैठौं | | आठौं | | नवौं | | मोबाईल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मिति | दस्तखत | मिति | दस्तखत | मिति | दस्तखत | मिति | दस्तखत | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**प्रमाणिकरण मितिः २०७८/०३/२५**

आज्ञाले
सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत